का.जि.प्र.का.द.नं. १००/०५९/६०

२९ चैत २०७९,
बुधबार
12 April 2023,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ७७ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



# सिंहदरबारमा फोहोर समस्या

राज्य संचालनको प्रमुख निकाय सिंहदरबारमै फोहोर समस्या भएपछि मन्त्रिपरिषद् बैठकमा छलफल हुनु स्वभाविक हो । तर, छलफलको पृष्ठभूमिले संघीयता कार्यान्वयन र तीन तहका सरकारबीचको सम्बन्ध अवस्थालाई उजागर गरिदिएको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २८ चैत ।

मंगलबार मन्त्रिपरिषद्को बैठकमा सिंहदरबारको फोहोर नउठेको विषयमा छलफल भएको छ । सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको मन्त्रिपरिषद्को बैठकमा फोहोर समस्याबारे छलफल मात्रै भएन । फोहोर नउठेको विषयसँग सम्बन्धित समस्या समाधानका सम्बन्धमा संघीय सरकारको तर्फबाट काठमाडौं महानगरपालिकासँग छलफल गर्ने निर्णय गरेको छ ।

साथसाथै, यस विषयमा महानगरपालिका प्रमुख बालेन्द्र साहलाई जिम्मेवार भएर काम गर्न सचेत गराउने निर्णय पनि मन्त्रिपरिषद् बैठकको छ । काठमाडौं उपत्यकाको फोहोर उठाउने जिम्मा स्थानीय तहको भएकाले आफ्नो जिम्मेवारीबोध गरेर काम गर्न मेयर साहलाई सचेत गराउने निर्णय भएको हो ।

बैठकमा शीतलनिवास, बालुवाटार र सिंहदरबारको फोहोर नउठाउने काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साहको अभिव्यक्ति अव्यवहारिक रहेकाले नीतिगत व्यवस्थाको परिपालना गर्न आग्रह गरेको हो ।

सरकारकी प्रवक्ता तथा सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मा सिंहदरबार, बालुवाटार, शीतलनिवासको फोहोर नउठाउने भन्ने काठमाडौं महानगरका प्रमुखले घोषणा नीतिगत व्यवस्था विरुद्ध रहेको बताउँछिन् । मन्त्रिपरिषद् बैठकमा नीतिगत व्यवस्थाअनुसार फोहोर उठाउन आग्रह गर्ने र फोहोर नउठे नीति पालना गर्न सरकारले गम्भीरतापूर्वक ध्यानाकर्षण गराउने विषयमा छलफल भएको उनको भनाइ छ ।

उनले भनेकी छन्, 'सिंहदरबार, बालुवाटार, शीतलनिवासको फोहोर नउठाउने भन्ने काठमाडौं महानगरका प्रमुखले घोषणा नीतिगत व्यवस्था विरुद्ध छ । फोहोर उठाउनुपर्ने नीति पालना गर्न महानगरलाई गम्भीरतापूर्वक ध्यानाकर्षण गराउने निर्णय भएको छ ।'

संघीय सरकारले सहयोग नगरेको भन्दै मेयर बालेनले बालुवाटार, सिंहदरबार र शीतल निवासको फोहर नउठाउने बताएका थिए । मंगलबारको मन्त्रिपरिषदको बैठकमा सुरुमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले स्थानीय तहसँगको संघीय सरकारको सम्बन्धलाई लिएर सार्वजनिक रुपमा समेत प्रश्न उठेकाले फोहोर नउठाउने महानगरको निर्णयलाई आफूले गम्भीरतापूर्वक लिएको बताएका थिए ।

प्रधानमन्त्रीले स्थानीय तह र संघीय सरकारको सम्बन्धलाई कसरी राम्रो बनाउन सकिन्छ भनेर मन्त्रालयगत रुपमा धारणा मागेका थिए । सबै मन्त्रीले आफ्नो कुरा राखेपछि यसबारेमा महानगरसँगै पृष्ठ २ मा



सिंहदरबार, बालुवाटार, शीतलनिवासको फोहोर नउठाउने भन्ने काठमाडौं महानगरका प्रमुखको घोषणा नीतिगत व्यवस्थाविरुद्ध छ । फोहोर उठाउनुपर्ने नीति पालना गर्न महानगरलाई गम्भीरतापूर्वक ध्यानाकर्षण गराउने निर्णय भएको छ ।

■ **रेखा शर्मा**
प्रवक्ता, नेपाल सरकार

## फोहोर उठाइदिन शीतल निवासको अनुरोध

संघीय सरकारले सहयोग नगरेको भन्दै मेयर बालेनले बालुवाटार, सिंहदरबार र शीतल निवासको फोहर नउठाउने घोषणा गरेपछि सम्बन्धित कार्यालयहरुमा फोहोर थुप्रिन थालेको छ । फोहोर थुप्रिएपछि राष्ट्रपति कार्यालयले फोहोर व्यवस्थापन गर्ने निजी संस्थालाई फोन गरेर फोहोर उठाइदिन अनुरोध पृष्ठ २ मा

## मन सफा गरे शहर सफा हुन्छ : मन्त्री गुरुङ



सहरी विकासमन्त्री सीता गुरुङले वाग्मतीमा सफाई अभियान चलाइएको फोहोर फ्याँक्ने चलनलाई रोक्न नसकिएको बताएकी छिन् ।

अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिको २९ औं वार्षिकोत्सवलाई मंगलबार सम्बोधन गर्दै मन्त्री गुरुङले वाग्मतीमा सफाई अभियान चलाएको तर फोहोर फ्याँक्ने चलनलाई नरोकेको पृष्ठ २ मा

**सार्वजनिक सेवालाई पारदर्शी बनाऔं**

- सार्वजनिक निकायका कामकारवाहीलाई पारदर्शी बनाऔं ।
- सेवाग्राहीले सहज र सरलरुपमा सेवालिन सक्ने व्यवस्था मिलाऔं ।
- आधिकारिक सेवा प्रदायकबाट सेवा लिऔं, बिचौलिया मार्फत काम नगरौं ।
- सकेसम्म सेवालाई सरल, सहज र पारदर्शी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# न्यायाधीश गिरी पक्राउ

**वैवाहिक बलात्कार आरोपमा न्याय परिषद्का न्यायाधीश भुवन गिरी पक्राउ परेका हुन् ।**

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २८ चैत ।

न्याय परिषद्का न्यायाधीश भुवन गिरी पक्राउ परेका छन् । वैवाहिक बलात्कार आरोपमा न्यायाधीश गिरी पक्राउ परेका हुन् ।

काठमाडौं प्रहरी परिसरले न्यायाधीश गिरीलाई मंगलबार गोंगबुको पवित्रनगरबाट पक्राउ गरेको हो ।

श्रीमती आरती गिरी रावलले न्यायाधीश गिरीविरुद्ध वैवाहिक बलात्कार आरोपमा जिल्ला प्रहरीमा जाहेरी दर्ता गराएकी थिइन् । त्यस आधारमा यसअघि नै जिल्ला अदालत कपिलवस्तुले चैत २० गते न्यायाधीश गिरीविरुद्ध पक्राउ पूर्जी जारी गरेको थियो ।

न्यायाधीश भएपछि गिरी गत असारमा जिल्लामा पहिलो पटक पदस्थापन भएका थिए । गिरीको एक महिनाअघि काठमाडौंस्थित न्याय परिषदमा सरुवा भएको थियो । उनकी कान्छी श्रीमती लामो समयदेखि वैवाहिक बलात्कारको आरोप लगाएर श्रीमान्विरुद्ध आन्दोलित थिइन् ।

श्रीमतीले बन्धक बनाएर आफूलाई कुटपिट, यौन शोषण र हिंसा गरेको आरोप लगाएकी छन् । कानुनअनुसार कारबाहीको माग गर्दै जिल्ला प्रहरी कार्यालय कपिलवस्तुमा गत मंसिरमै उनले जाहेरी निवेदन दिएकी थिइन् ।



श्रीमतीले आफूविरुद्ध जाहेरी दिएसँगै गिरीले पनि पत्नीले पैसा चोरेको आरोप लगाउँदै कारबाहीका लागि जिल्ला प्रहरीमा उजुरी दिएका थिए । दुवै निवेदन लिएर प्रारम्भिक अनुसन्धान गर्दै रहेको प्रहरीले जनाउँदै आएको थियो ।

पहिलो श्रीमतीसँग कानुनअनुसार छुट्टीभिन्न भई कान्छीसँग बस्दै आएका थिए । २०७८ फागुनमा १८ जना जिल्ला न्यायाधीशका लागि २ सय १२ जनाले परीक्षा दिएकामा गिरीसहित ३ जना मात्र उत्तीर्ण भएका थिए । गिरी तालिम लिएर ३ महिनाअघि मात्र जिल्लामा हाजिर भएका थिए ।

न्यायाधीश गिरीविरुद्ध बलात्कारको उजुरी परेपछि उनलाई न्याय परिषदले छानबिनमा तानेको थियो । काठमाडौं प्रहरी प्रमुख एसएसपी दानबहादुर कार्कीका अनुसार प्रक्राउ परेका न्यायाधीश गिरीलाई कपिलवस्तु पठाउन आवश्यक प्रक्रिया थालिएको छ ।

## वैदेशिक रोजगार विशेष

## विभागले बनायो निर्देशकको नेतृत्वमा छापा मार्ने टोली

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ चैत

वैदेशिक रोजगार विभागले निर्देशकहरूको संयोजकत्वमा तीन वटा समिति गठन गरेको छ । विभागका निर्देशक कृष्णप्रसाद भुसालका अनुसार विभागबाट भइरहेको अनुगमन कार्यलाई नियमित, व्यवस्थित र ठगी नियन्त्रणको कार्यलाई नतिजामुखी बनाउन ती समिति गठन गरिएको हो ।

विभागका निर्देशकहरूको संयोजकत्वमा रहने समितिमा विभागका अधिकृत र कर्मचारी सदस्य रहने छन् । विभागले गठन गरिएका समितिहरुले विभागमा दर्ता रहेका म्यानपावर कम्पनी तथा अभिमुखीकरण संस्थाहरूमा अनुगमन गर्ने बताएको छ । विभागले जुनसुकै अवस्थामा अनुगमनमा टोली जाने भन्दै खटिएको कर्मचारी टोलीलाई आवश्यक कागजात, माग गरिएका विवरण तथा जानकारी उपलब्ध गराइदिन अनुरोध गरेको छ ।

विभागले मातहत संस्थाहरूलाई अनुगमन गर्ने बताएपनि युरोप, अमेरिका तथा क्यानडामा पृष्ठ २ मा

### विप्रेषण आप्रवाह २५.३ प्रतिशतले वृद्धि

काठमाडौं/रासस- चालु आर्थिक वर्षको आठ महिनामा विप्रेषण आप्रवाह २५.३ प्रतिशतले बढेको छ । गत आवको आठ महिनामा १.३ प्रतिशतले घटेको विप्रेषण आप्रवाह चालु आवमा भने बढेको हो ।

नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको तथ्यांक अनुसार फागुनसम्म विप्रेषण रु सात खर्ब ९४ अर्ब ३२ करोड भित्रिएको छ । फागुनमा मात्रै रु एक खर्ब चार अर्ब बढी विप्रेषण भित्रिएको राष्ट्र बैंकले जनाएको छ । गत माघसम्म रु छ खर्ब ८९ अर्ब ८८ करोड रेमिट्यान्स आएको थियो ।

चालु आवको आठ महिनामा अमेरिकी डलरमा विप्रेषण आप्रवाह १४.८ प्रतिशतले वृद्धि भई रु छ अर्ब नौ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो अप्रवाह पृष्ठ २ मा

## हिउँदे अधिवेशनमै बनेन कानून

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २८ चैत ।

संघीय संसदमा हिउँदे अधिवेशनलाई कानून निर्माणको अधिवेशनका रुपमा ब्याख्या गरिएपनि संसद अधिवेशन सकिन लाग्दा समेत एउटै विधेयक पास हुन सकेको छैन । संसद सुचारु भएको चार महिना पुगेपनि सत्ताको भागबण्डा, प्रधानमन्त्री, राष्ट्रपति, उपराष्ट्रपति, सभामुख र उपसभामुख आदिको निर्वाचनमा मात्रै केन्द्रित रहँदा विधेयक पास गराउनेतर्फ सरकारको ध्यान नपुगेको हो । गत पुस २५ मा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सरकारको न्यूनतम साझा कार्यक्रम सार्वजनिक गर्दा चालू अधिवेशनमा दर्जन बढी कानून बनाउने विषय उठाएपनि हालसम्म सो विषय प्राथमिकतामै पर्न सकेको छैन ।

अघिल्लो प्रतिनिधि सभाको कार्यकाल सकिएपछि २७ वटा विधेयक निष्क्रिय हुन पुगेका थिए भने ती मध्ये केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक पनि निष्क्रिय हुन पुगेको थियो । हाल सदनमा सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक टीआरसी), सम्पत्ति शुद्धीकरण निवारण तथा व्यावसायिक वातावरणसम्बन्धी ऐन, बेपत्ता पारिएका व्यक्तिको छानबिन, र राष्ट्रियसभामा उत्पत्ति भएको खाद्य स्वच्छता तथा गुणस्तर विधेयक र संवैधानिक परिषद् काम, कर्तव्य, अधिकार र कार्यविधिसम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक पेश भएको छ । सार्वजनिक सेवा पृष्ठ २ मा

## सूचना

**आदरणीय व्यवसायीज्यूहरु,**

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघले व्यवसायी र श्रमिकहरुको हक तथा वृद्धि–विकास गर्ने उद्देश्यले संघ कार्यसमतिका तृतीय उपाध्यक्ष श्री रोशन कटवालको संयोजकत्वमा सामाजिक दायित्व तथा अतिरिक्त क्रियाकलाप समिति गठन गरी कार्य सञ्चालन गर्दै आएको सम्पूर्णमा बिदितै छ । यस संघका सदस्य संस्थाहरु मार्भल्स इम्प्लोइमेन्ट नेपाल प्रा.लि.का सञ्चालक अध्यक्ष श्री रिन्जी राई, प्राईम एच.आर इन्टरनेशनल प्रा.लि.का सञ्चालक श्री टल बहादुर पौडेल र राजधानी इन्टरनेशनल सर्भिस प्रा.लि.का सञ्चालक श्री धन बहादुर खड्का लगायतका विभिन्न मितिमा असामयिक देहावसान भएको र जब्स ग्लोबल डट कम इम्प्लोइमेन्ट सर्भिस प्रा.लि.का सञ्चालक श्री चन्द्र सिं अदैको मल्टी अरग्यान फेल भई उपचाररत भएको विषय सम्पूर्णमा जानकारी नै छ । शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना र उपचाररतको शीघ्र स्वास्थ्यलाभको कामना व्यक्त गर्दै केही आर्थिक सहयोग गर्ने निर्णय भएको हुँदा 'एक थुकी सुकी, सय थुकी नदी' भन्ने भावलाई आत्मसात गर्दै स्वेच्छिकरुपमा सम्पूर्ण व्यवसायीहरुबाट आर्थिक सहयोग संकलन गरी संघमार्फत सम्बन्धित परिवारलाई प्रदान गरिने भएकाले यथासक्य सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।**

**रोशन कटवाल**
तृतीय उपाध्यक्ष

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
तिलगंगा-८, काठमाडौं, फोन नं. ०१- ४५९०९६९/४५९४४१८

# उपनिर्वाचनका लागि मतपत्र छपाइ सम्पन्न

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ चैत

आगामी वैशाख १० गते आइतबार हुने प्रतिनिधिसभा सदस्यको उपनिर्वाचनका लागि मतपत्र छपाइ कार्य सम्पन्न भएको छ । मधेश प्रदेशको बारा क्षेत्र नं २, गण्डकी प्रदेशको तनहुँ क्षेत्र नं १ र बागमती प्रदेशको चितवन क्षेत्र नं २ मा हुने उपनिर्वाचनका लागि कूल तीन लाख ९० हजार थान मतपत्र भक्तपुरस्थित जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा छपाइ पूरा भएको हो । ती मतपत्र आवश्यक सुरक्षा प्रबन्धसहित बुधबारदेखि सम्बन्धित निर्वाचन क्षेत्रका लागि ढुवानी गरिने निर्वाचन आयोगले जनाएको छ ।



बारा क्षेत्र नं २ मा एक लाख १६ हजार, चितवन क्षेत्र नं २ मा एक लाख ३८ हजार र तनहुँ क्षेत्र नं १ का लागि एक लाख ३६ हजार मतपत्र छपाइ गरिएको छ । ती क्षेत्रमा मनोनयपत्र दर्ता गर्ने उम्मेदवारका आधारमा निर्वाचन चिन्हसमेत समावेश गरी मतपत्र छपाइ भएको हो । उपनिर्वाचनका लागि कूल ६७ जनाले उम्मेदवारी दिएका छन् । आयोगको प्रणालीमा प्रविष्ट भएको विवरणअनुसार बारा क्षेत्र नं २ मा ३४, तनहुँ क्षेत्र नं १ मा नौ र चितवन क्षेत्र नं २ मा २४ जना उम्मेदवार छन् । आयोगको अद्यावधिक विवरणअनुसार बारा-२ मा एक लाख पाँच हजार दुई सय ४८, चितवन-२ मा एक लाख २४ हजार छ सय ९५ र तनहुँ-१ मा एक लाख २३ हजार तीन सय पाँच मतदाता कायम भएका छन् ।

**मतदाता शिक्षा स्वयम्सेवक तालिम**

निर्वाचन आयोगले तीनवटै निर्वाचन क्षेत्रमा मतदाता शिक्षा स्वयम्सेवक तालिम सञ्चालन गरेको छ । बारा निर्वाचन क्षेत्र नं २, तनहुँ-१ र चितवन-२ मा हुने उपनिर्वाचनका लागि सम्बन्धित क्षेत्रभित्र पर्ने स्थानीय तहमा प्रतिवडा दुई जना मतदाता शिक्षा स्वयम्सेवक तयार गर्ने गरी चैत २७ र २८ गते तालिम सञ्चालन गरिएको हो ।

तालिमको उद्घाटन तनहुँ-१ मा निर्वाचन आयुक्त डा. जानकीकुमारी तुलाधर, चितवन-२ मा आयोगका सचिव गोकर्णमणि दुवाडी र बारा-२ मा उपसचिव सूर्यप्रसाद अर्यालले गरेका थिए । निर्वाचन हुने एक साता अघिदेखि सात दिनसम्म ती स्वयम्सेवकले मतदातालाई सहीरूपमा मत सङ्केत गर्ने तरिकाबारे जानकारी दिनेछन् । उनीहरूलाई सम्बन्धित पालिकाले दैनिक एक हजार भत्ता दिनेछन् ।

# विधान संशोधन गर्न कार्यदल गठन

काठमाडौं/मस- नेकपा (माओवादी केन्द्र)ले संसदीय दलको विधान संशोधनका लागि कार्यदल बनाएको छ । माओवादी संसदीय दलका नेता एवं प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को अध्यक्षतामा मंगलबार सिंहदरबारमा बसेको संसदीय दलको बैठकले विधान संशोधनका लागि पाँच सदस्यीय कार्यदल गठन गरेको हो । माओवादी संसदीय दलका प्रमुख सचेतक हितराज पाण्डेको संयोजकत्वमा कार्यदल गठन भएको सांसद राजन दाहालले जानकारी दिए । कार्यदलमा



प्रतिनिधिसभा र राष्ट्रियसभाका सांसद सदस्य छन् । कार्यदलको सदस्यमा प्रतिनिधिसभाबाट पूर्ण घर्तीमगर र बिमला सुवेदी तथा राष्ट्रियसभाबाट जगप्रसाद शर्मा र गङ्गा बेलबासे छन् ।

कार्यदलले विधान संशोधनका विषयमा प्रतिवेदन प्रस्तुत गर्ने र सोही प्रतिवेदनका आधारमा विधानलाई अन्तिमरुप दिइने सांसद दाहालले बताए । आफ्नो रुची अनुसारको संसदीय समिति छनोट गर्ने विषयमा पनि बैठकमा छलफल भएको थियो ।

बैठकमा प्रधानमन्त्री दाहालले सरकार सञ्चालन, सरकारको गतिविधिका सम्बन्धमा जानकारी गराएका थिए । अनुशाशित र मर्यादित ढङ्गबाट संसदमा प्रस्तुत हुने विषयमा अध्यक्ष एवं प्रधानमन्त्री दाहालले निर्देशित गरेको उनले जानकारी दिए ।

# निजी विद्यालयलाई आफू खुसी शुल्क नबढाउन निर्देशन




**काठमाडौं/मस-** शिक्षा मन्त्रालयले निजी विद्यालयलाई आफू खुसी शुल्क नबढाउन निर्देशन दिएको छ । मन्त्रालयका सहसचिव एवं प्रवक्ता दीपक शर्माले मंगलबार एक प्रेस विज्ञप्ति जारी गर्दै शैक्षिक सत्र २०८० का लागि विद्यार्थी भर्ना गर्दा केही निजी लगानीका विद्यालयले आफू खुसी शुल्क उठाएको भन्ने विषयमा मन्त्रालयको गम्भीर ध्यानाकर्ण भएको जनाएको छ ।

स्थानीय तहले स्वीकृति गरिदिएको सीमाभित्र रहेर मात्र शुल्क लिन पाउने व्यवस्था रहेको मन्त्रालयले स्मरण गराएको छ । विज्ञप्तिमा भनिएको छ, 'कुनै पनि विद्यालयले स्वीकृत भएको शुल्कको विषयमा पारदर्शी ढङ्गले सबै अभिभावकलाई जानकारी गराउनुपर्छ । अभिभावकले तोकिएको शुल्कको स्वीकृतिको विषयमा प्रश्न गर्न पाउँछन् ।' त्यो विषयमा विद्यालय रहेको स्थानीय तहमा गुनासो गर्न पाउने व्यवस्था रहेको भन्दै मन्त्रालयले केही गुनासो भएमा स्थानीय तहमा जानकारी गराउन मन्त्रालयले निर्देशन दिएको छ ।

## सिंहदरबारमा...

छलफलका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले समन्वय गर्ने निर्णय भएको एक मन्त्रीले जानकारी दिए ।

## फोहोर....

गरेको छ । शीतल निवास र त्यस वरपरको क्षेत्रबाट फोहोर संकलन गर्दै आएको परिवर्तन सेवा प्रालिलाई शीतल निवासले टेलिफोन गरेर फोहोर उठाइदिन भनेको हो । सोमबार नै आग्रह गरिएको भएपनि मंगलबारसम्म फोहोर उठाइएको छैन् ।

फोहोरमैला उठाएर बञ्चरेडाँडामा लैजानुपर्ने भएकाले त्यहाँ महानगरले नलैजान निर्देशन दिएकाले फोहोर नउठाएको परिवर्तन सेवा प्रालिले जनाएको छ । फोहोर उठाउन राष्ट्रपति कार्यालयबाट फोन आए पनि फोहोर नउठाउनु भन्ने महानगरका मेयरको निर्देशनले आग्रह स्वीकार गर्न नसकिएको सम्बन्धित अधिकारीहरुको जवाफ छ ।

## मन...

बताएकी हुन् ।

'हामीले वाग्मती सफाई गर्न, स्वच्छ पार्न अभियान थालेको २८ वर्ष बितिसक्यो, वर्षौंदेखि हामी हरेक साता वाग्मतीबाट फोहोरको डंगुर झिकेर फ्याँकिरहेका छौं, तर अझै सफा भइरहेको छैन' उनले भनेकी छन् ।

मन्त्री गुरुङले अगाडि थपेकी छन्, 'सधैं काम गर्ने, सरकारले लगानी गर्ने, तर परिणाम नआउने हुनुहुँदैन । वाग्मतीमा सफाई अभियान चलायौं, तर फोहोर फ्याँक्ने चलनलाई रोकेनौं । त्यसैले सबैभन्दा पहिले हामीले मन र मस्तिष्कबाट सफाई गर्नुपर्ने हुन्छ । मन सफा गरे शहर सफा हुन्छ । यसका लागि जथाभावी फोहोर गर्न, फ्याल्न डराउनुपर्छ ।'

## हिउँदे...

प्रसारण विधेयक ऐन २०७८, लोकसेवा आयोग प्रतिवेदन र सुरक्षण मुद्रणसम्बन्धी विधेयक पनि पारित हुन सकेको छैन ।

तरपनि, कुनै विधेयकमा पनि सरकारले गम्भीरतापूर्वक छलफल गरेर सदनबाट पारित गर्न खोजेको छैन । यद्यपि, टीआरसीमा भने सरकारले प्रमुख प्रतिपक्षी दल एमालेसँग सहमति जुटाउने तयारी गरेपनि एमालेले संसदीय समितिमा छलफल गर्नुपर्ने अडान कायमै राखेको छ ।

'सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोगको काम छिट्टै पूरा गर्नुपर्छ, हामी सोही बाटोमा छौं' गृहमन्त्री समेत रहेका माओवादी नेता नारायणकाजी श्रेष्ठले भने । उनले संक्रमणकालीन न्यायसम्बन्धी विषय टुंग्याउन छिट्टै टीआरसी विधेयक र नागरिकता विधेयकलाई छिट्टै टुंग्याउने दाबी समेत गरेका छन् ।

सरकार गठन हुनेबित्तिकै नागरिकता बिधेयक अघि बढाउने प्रधानमन्त्री स्वयंले दाबी गरेपनि हालसम्म सो विषय पनि अघि बढ्न सकेको छैन । त्यतिमात्रै होईन, अघिल्लो हिउँदे अधिवेशन पनि सत्ताको खिचातानीले चैत १ मै अन्त्य गरिएको थियो । जसले गर्दा सदनमा नागरिकतासँगै ४२ वटा विधेयक अलपत्र परेका थिए । वैशाखको अन्तिम साताबाट संसदको वर्खे अधिवेशन सुरु गनुपर्ने हुनाले यो अधिवेशन पनि कानून नै निर्माण नगरि सकिने देखिएको छ ।

## विभागले ...

वैदेशिक रोजगारी दिलाउने भन्दै करोडौंमा ठगी गर्ने शैक्षिक कन्सल्ट्यान्सीहरू भने अनुगमन बाहिर नै रहेका छन् ।

हाल विभागमा युरोपेली मुलुकमा रोजगारीलगायतका सुविधाको प्रलोभनमा परेर ठगीमा पर्नेहरूको भीड देखिने गरेको छ । ठगीमा परेका कतिपय पीडितहरूले विभागमा धरौटी राखेका म्यानपावर कम्पनी र कन्सल्ट्यान्सी फरक-फरक नभई एउटै हुन् भन्ने ठानेर वैदेशिक रोजगारीमा जान रकम दिएको बताउने गरेका छन् ।

## विप्रेषण...

२.६ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या ५४.३ प्रतिशतले वृद्धि भई तीन लाख ५१ हजार सात सय ६१ पुगेको छ । त्यसैगरी वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा ८ प्रतिशतले वृद्धि भई एक लाख ९२ हजार पाँच सय ५९ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या २४०.३ प्रतिशतले बढेको थियो ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७७/११/२५ मा दर्ता भएको **प्रा.लि.नं. २५८४२७** को **ग्यालेक्सी भ्याली क्याफे एण्ड रेष्टुरेन्ट** नामक कम्पनी यस कार्यालयको मिति २०७९/१२/२७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६७/०८/१९ मा दर्ता भएको **प्रा.लि.नं. ७८१२३** को **जनशक्ति ढुवानी सेवा प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/१२/२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**राप्ती नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भण्डारा, चितवन**
**बागमती प्रदेश**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति २०७९/१२/२९**

मिति २०७९/११/१४ गते **www.bolpatra.gov.np/egp** र मिति २०७९/११/१५ गते राजधानी राष्ट्रिय दैनिकमा प्रकाशित तपशिल बमोजिमको बोलपत्रको लागि आह्वान सूचना अनुसार बिधुतीय माध्यामबाट पर्न आएका बोलपत्रहरु मध्ये निम्नानुसारको बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतिको लागि छनौट गरिएकोले सोहि ऐनको दफा २७ (२) र दफा ४७ को प्रयोजनको लागि सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारी गराईन्छ ।

**तपशिलः**

| ठेक्का नं. | योजनाको नाम | स्वीकृत हुने बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम ने.रु. (VAT र P.S. सहित) |
|---|---|---|---|
| 14/Works/NCB /RM/079/080 | Constrution of Blacktop Roads in Rapti Municipality, Ward No 3 | श्री Perisha Construction and Supplier Pvt Ltd., राप्ती नगरपालिका वडा न. १ | रु. २३,०३,५८६।१२ |

**प्रमुख प्रशासकीय अधिकृत**

**Invitation for Bids**

**Provincial Government**
**Sudurpashchim Province**
**Ministry of Physical Infrastructure Development**
**Urban Development and Building Office**
**Rajpur, Doti**

**Date of publication: 12 April, 2023 (2079-12-29)**

1. Urban Development and Building Office, Doti invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of following Works under National Competitive Bidding (NCB) .

| Contract No. | Description of Works | Bid Security Amount (NRS) | Bid Document Fee (Nrs.) | Remarks |
|---|---|---|---|---|
| IFB No. –**UDBO/Doti/W/NCB/079-080-02** | **Construction of Bayalpata Covered Hall at Sanfebagar Municipality-08, Achham** | 7,50,000/- | 5,000/- | Hard copy not acceptable |

Urban Development and Building Office Rajpur, Doti electronic bids from eligible bidders for the **Construction of Bayalpata Covered Hall at Sanfebagar Municipality-08, Achham** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.

Only eligible bidders with the following key qualifications should participate in this bidding:

- Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***[NRs 36.2 million.]***
- Minimum Work experience of similar size and nature: **[One Covered Hall Project about Nrs. 13.2 *million* without VAT].**

2. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.

<table>
<tr><th>Office Name</th><th colspan="2">Urban Developmnet and Building Office, Doti</th><th>Pre-Bid Meeting</th><th>Last Date of Bid Submission</th><th>Date of Bid Opening</th></tr>
<tr><td>Name of Bank</td><td colspan="2">Rastriya Banijya Bank, Dipayal Doti</td><td rowspan="5">02 May, 2023</td><td rowspan="5">12 May, 2023, 12:00 Hours</td><td rowspan="5">12 May, 2023, 14:00 Hours</td></tr>
<tr><td>Revenue Account No.</td><td colspan="2">1000100200010000</td></tr>
<tr><td>Revenue Code No.</td><td colspan="2">14229</td></tr>
<tr><td>Deposit Account No.</td><td>4100100202030000</td><td>District Treasury Controller Office, Doti</td></tr>
<tr><td>Office Code No.</td><td>3370471017</td><td>Urban Development and Building Office Doti</td></tr>
</table>

4. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of Urban Development and Building Office Doti on or before **12.00** on 12 May, **2023.**
5 The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 PM on 12-May-2023 (2080/01/29 B.S.) at the office of Urban Development and Building Office, doti. Bids must be valid for a period of 90 Days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of 7,50,000/- ( Seven Lakh Fifty Thousand Only), which shall be valid for 30 days beyond the validity period of the bid.
6 Urban Development and Building Office, Doti reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Office Chief**

# संक्रमणकालीन न्यायसम्बन्धी विधेयक न्यायपूर्ण बनाइने



**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ पुस

प्रमुख तीन ठूला दलबीच संक्रमणकालीन न्याय निरुपणसम्बन्धी विधेयकलाई न्यायपूर्ण र सर्वस्वीकार्य बनाउने सहमति भएको छ ।

बालुवाटारस्थित सभामुख देवराज घिमिरेको निवासमा बसेको बैठकमा दलहरुबीच संक्रमणकालीन न्यायसँग सम्बन्धित विधेयकका विषय र प्रक्रियामा पुनः छलफल गर्ने सहमति भएको हो ।

सभामुखका प्रेस संयोजक शेखर अधिकारीका अनुसार

उक्त विधेयकलाई अगाडि बढाउने, सदनलाई प्रभावकारी बनाउने विषयमा सभामुख घिमिरेको संयोजनमा नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)का शीर्षनेता छलफलमा जुटेका हुन् । शीर्षनेताहरु संघीय संसद्का संयुक्त समिति र अन्य समितिको नेतृत्व र प्रतिनिधित्व सहमतिमा टुंगो लगाउन सहमत भएको उनको भनाइ छ । अर्को बैठक आगामी वैशाख १ गते अपराह्न १ बजे सिंहदरबारमा बस्ने जनाइएको छ । बैठकमा प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली सहभागी थिए ।

बैठकमा एमालेका प्रमुख सचेतक पदम गिरी, माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डे, कांग्रेस सांसद ईश्वरी न्यौपाने, महान्यायाधिवक्ता दीनमणी पोखरेल र पूर्वमहान्यायाधिवक्ता रमेश बडालको पनि सहभागिता थियो ।

# कोरोना संक्रमणबाट एक जनाको मृत्यु

**काठमाडौं/मस-** कोरोना भाइरस सङ्क्रमित एक जनाको मृत्यु भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्यांकअनुसार मंगलबार दुई हजार चार सय ३६ जनामा गरिएको परीक्षणमा एक सय छजनामा संक्रमण देखिएको छ । यस्तै, मंगलबार ४८ जना उपचारपछि घर फर्किएका छन् ।

मन्त्रालयले अझै केही दिनसम्म संक्रमण बढ्ने देखिएको जनाएको छ । हाल सक्रिय संक्रमितको संख्या चार सय ६९ पुगेको छ । काठमाडौं उपत्यकामा २४ जना आइसोलेसन, १३ जना सघन उपचार कक्ष (आइसियु)मा र पाँचजना भेन्टिलेटरमा उपचाररत छन् । नेपालमा छिमेकी देशमा भारतमा फैलिएको कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोन एक्सविवि. १.१६ देखा परेको छ ।

# कर्णालीमा कोरोनाविरुद्धको २५ लाख ६७ हजार डोज खोप लगाइयो

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २८ चैत



सुर्खेतसहित कर्णाली प्रदेशमा हालसम्म कोरोना भाइरसविरुद्धको २५ लाखभन्दा बढी डोज खोप लगाइएको छ । प्रदेशका १० वटा जिल्लामा यही चैत २१ गतेसम्म २५ लाख ६७ हजार १ सय ६८ डोज खोप लगाइएको कर्णाली प्रदेश स्वास्थ्य निर्देशनालयले जनाएको छ ।

सबैभन्दा बढी सुर्खेतमा ७ लाख २१ हजार ८ सय ३ डोज खोप लगाइएको छ । सबैभन्दा कम डोल्पामा ५४ हजार ३ सय ४९ डोज कोरोनाविरुद्धको खोप लगाइएको निर्देशनालयका सूचना अधिकारी पदमबहादुर केसीले मध्यान्हलाई जानकारी दिए ।

यस्तै मुगुमा एक लाख ४ हजार ४ सय ४८, हुम्लामा ८१ हजार ६ सय ६६, जुम्लामा एक लाख ८७ हजार ७२, कालीकोटमा दुई लाख एक हजार ६ सय ६९, दैलेखमा तीन लाख ५९ हजार ७ सय १४, जाजरकोटमा दुई लाख ५९ हजार २ सय ८२, रुकुम पश्चिममा २ लाख ५० हजार ८ सय ३२ र सल्यानमा तीन लाख ४६ हजार एक सय ८३ डोज खोप लगाइएको छ ।

प्रदेशमा हालसम्म १२ लाख ५९ हजार ६ सय ४८ जनाले पहिलो खोप लगाएका छन् । सुर्खेतमा ३ लाख ३८ हजार ४ सय ४३, डोल्पामा २३ हजार ६ सय १०, मुगुमा ५० हजार ८७, हुम्लामा ३७ हजार ६ सय ३६, जुम्लामा ८२ हजार ८४, कालिकोटमा ९६ हजार चार, दैलेखमा एक लाख ९३ हजार ८ सय ५९, जाजरकोटमा एक लाख ३२ हजार ४ सय ९३, रुकुम पश्चिममा एक लाख ३० हजार २ सय २७ र सल्यानमा १ लाख ७५ हजार एक सय ५ जनाले पहिलो खोप लगाएको निर्देशनालयले जानकारी दिएको छ ।

यस्तै प्रदेशमा हालसम्म ४ लाख ६७ हजार ४ सय ९६ जनाले कोरोना भाइरसविरुद्धको पूर्ण खोप लगाएका छन् । सुर्खेतका एक लाख ३५ हजार ३ सय २२, डोल्पाका ६ हजार ३ सय १५, मुगुका १३ हजार ४८, हुम्लाका ७ हजार ६ सय ७९, जुम्लाका, २६ हजार ७६, कालीकोटका २७ हजार ६ सय ३२, दैलेखका ६८ हजार ६ सय ७१, जाजरकोटका ३४ हजार ९ सय ९२, रुकुमपश्चिमका ८० हजार ७ सय ८४ र सल्यानका ६६ हजार ९ सय ७७ जनाले कोरोनाविरुद्धको पूर्ण खोप लगाएको केसीले जानकारी दिए ।

कर्णालीमा कोभिसिल्ड, अस्ट्राजेनेका, भेरोसेल, जोन्सन एन्ड जोन्सन, फाइजर, मोडर्ना खोप लगाइएको हो । जसअन्तर्गत प्रदेशमा एक लाख ५२ हजार एक सय ३८ जनाले कोभिसिल्डको पहिलो र एक लाख ३४ हजार ७ सय ५१ जनाले कोभिसिल्डको दोस्रो खोप लगाएका छन् । यस्तै भेरोसेलको पहिलो र दोस्रो गरी कुल १० लाख ५० हजार ७०३, जोन्सन एन्ड जोन्सनको एक लाख ६४ हजार ७ सय ४०, अस्ट्राजेनेकाको एक लाख ३० हजार ४६, फाइजरको चार लाख ८५ हजार ८ सय ९ र मोडर्नाको ४ लाख ४९ हजार १ सय ३१ जनाले खोप लगाएको केसीले बताए ।

प्रदेशमा अहिले पनि कोरोनाविरुद्धको खोप लगाउने अभियान जारी रहेकाले खोप लगाउन बाँकी रहेका सबैलाई खोप लगाउन आग्रह गरिएको छ । प्रदेशमा दैनिकरुपमा कोरोना संक्रमण बढ्दै गएको छ । संक्रमण देखिने अधिकांश व्यक्तिहरु भारतबाट फर्किएका भएको निर्देशनालयको भनाइ छ । संक्रमणको जोखिम बढ्दै गएकाले जनस्वास्थ्यका मापदण्ड अनिवार्यरुपमा पालना गर्न निर्देशनालयले सर्वसाधारणलाई आग्रहसमेत गरेको छ ।

# पार्टी परित्याग गरी नागरिक उन्मुक्ति पार्टीमा प्रवेश

**काठमाडौं/मस-** विभिन्न पार्टी परित्याग गरी ठूलो संख्यामा नेता तथा कार्यकर्ताहरु नागरिक उन्मुक्ति पार्टीमा प्रवेश गरेका छन् । मंगलबार रिपोर्टर्स क्लब नेपालमा आयोजित पार्टी प्रवेश तथा अन्तरक्रिया कार्यक्रममा उनीहरुलाई पार्टीकी अध्यक्ष एवं भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री रञ्जिता श्रेष्ठ चौधरीले पार्टीमा स्वागत गरिन् ।

पार्टी प्रवेश कार्यक्रममा आफ्नो मन्तव्य राख्दै मन्त्री श्रेष्ठले नागरिक उन्मुक्ति पार्टीलाई टीकापुर आन्दोलनले जन्माएको स्पष्ट पारिन् । पार्टी स्थापना भएको डेढ वर्षमा नै नाउपाले छलाङ मारेको उनको भनाइ छ ।

दमनको विरुद्धमा शक्तिको उत्पादन हुने भन्दै उनले नागरिक उन्मुक्ति पार्टी पनि सोही दमनको उत्पादन भएको बताइन् । आगामी आम निर्वाचनबाट नागरिक उन्मुक्ति पार्टी देशमा राजनीतिको वैकल्पिक शक्ति भएर उदाउने पनि उनको दाबी छ । दमनका विरुद्धमा सुदूरबाट उदाएको पार्टीले छोटो समयमा नै पूर्वसम्म आफ्नो वर्चश्व जमाएको उनले बताइन् ।

त्यसैगरी पार्टीका गण्डकी प्रदेश प्रमुख राजन गुरुङले पहिचानको मुद्दालाई लिएर आन्दोलन गरेका पार्टीहरुले अहिले उक्त मुद्दा छोडेको आरोप लगाए । उनले आफूहरु पहिचान, राष्ट्रियता र स्वाधिनताको पक्षमा रहेको स्पष्ट पारे । जनमत पार्टीबाट नाउपा प्रवेश गरेकी नेतृ रीता अर्यालले अहिले सबैको माग रेशम चौधरीको रिहाइ भएको बताइन् । काठमाडौंबाट आगामी निर्वाचनमा नागरिक उन्मुक्ति पार्टीलाई सरकार चलाउने पार्टीमा पुऱ्याउन लागिपर्ने उनले बताइन् ।

नाउपामा पुष्पराज भण्डारी, पञ्चदेवी मगर, देवराज अवस्थि, माधव खड्का, मन्दिरा बस्नेत, अभिषेक जोड्याल, भुषण अर्याल, संगीता कुमारी घिमिरे केसी, प्रभुप्रसाद भण्डारीलगायत प्रवेश गरेका छन् । कार्यक्रममा पार्टीकी नेतृ तथा महिला विभाग प्रमुख एलिजा गौतमलगायतका नेता तथा कार्यकर्ताहरुको उपस्थिति थियो ।

# वारुणयन्त्र खरिद गर्दै गरुडा नगरपालिका



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २८ चैत

रौतहटको गरुडा नगरपालिकाले ५ हजार लिटर क्षमताको वारुणयन्त्र खरिद गर्ने भएको छ । सुख्खायाम लागेसँगै हुनसक्ने आगलागीका घटनालाई मध्येनजर गर्दै तत्काल वारुणयन्त्र खरिद नर्ग लागिएको नगरपालिकाले जनाएको छ । नगर प्रमुख कन्थमणी जयसवालले मंगलबार वारुणयन्त्र खरिद गर्न लागिएको समाजिक संजाल फेसबुकमार्फत जानकारी दिएका हुन् । ठूलो क्षमताको वारुणयन्त्र आगामी आर्थिक वर्षमा खरिद गरिने उनले जानकारी दिएका छन् । गत आइतबार मात्रै माधवनारायण नगरपालिकाको विसुनपूर्वा मानपुर गाउँमा आगलागी भएको थियो । जिउत मुखिया विनको घरबाट सल्किएको आगोले २१ जनाको घरमा पूर्णरुपमा क्षति भएको थियो । आगलागीबाट करिब एक करोड रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।


## दुहवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**दुहवी, सुनसरी**
**कोशी प्रदेश, नेपाल**

## दुहवी नगरपालिकाको जनहितमा जारी सन्देश

- नगरबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरूमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा सहयोग गरौं । सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरू अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरूक बनौं ।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं । कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं ।
- हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर पालिकामा बुझाउने गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । नगरपालिकालाई बालश्रममुक्त नगर बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्षा दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- हरेक गर्भवतीले नजिकको स्वास्थ्य संस्थामा गई नियमित गर्भजाँच गरौं । २ वर्ष मुनीका बच्चाहरूलाई नजिकको स्वास्थ्य संस्थामा लगेर मासिकरूपमा नियमित तौल लिने गरौं । कम तौल र कुपोषण हुनबाट बचाऔं ।



## राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**भण्डारा, चितवन**
**बागमती प्रदेश**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति २०७९/१२/२९**

मिति २०७९/११/११ गते **www.bolpatra.gov.np/egp** र मिति २०७९/११/१२ गते प्रभाब राष्ट्रिय दैनिकमा प्रकाशित तपशिल बमोजिमको बोलपत्रको लागि आह्वान सूचना अनुसार बिद्युतीय माध्यामबाट पर्न आएका बोलपत्रहरु मध्ये निम्नानुसारको बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतिको लागि छनौट गरिएकोले सोहि ऐनको दफा २७ (२) र दफा ४७ को प्रयोजनको लागि सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारी गराईन्छ ।

**तपशिलः**

| ठेक्का नं. | योजनाको नाम | स्वीकृत हुने बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम ने.रु. (VAT र P.S. सहित) |
|---|---|---|---|
| 13/Works/NCB /RM/079/080 | Khurkhure To Shanti Bazzar To Kathar Blacktop Road MaintainanceProgramme, Rapti Municipality-08 | श्री Perisha Construction and Supplier Pvt Ltd., राप्ती नगरपालिका वडा न. १ | रु. २८,००,२८६।०४ |

**प्रमुख प्रशासकीय अधिकृत**





मध्यान्ह
www.madhyanhadaily.com
२९ चैत २०७९, बुधबार
12 April 2023, Wednesday

## सम्पादकीय

# आवश्यक सचेतताको खाँचो

लामो समयपछि फेरि नेपालमा कोरोना संक्रमितको मृत्यु भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार, गत पुस यता कोरोना संक्रमणबाट मृत्यु भएको यो पहिलो घटना हो । ७८ वर्षीया संक्रमितको मंगलबार मृत्यु भएको हो । मृतक संक्रमित दीर्घरोगी रहेको मन्त्रालयले थप जानकारी दिएको छ । तर संक्रमित संख्या बढेर गएकाले उनको मृत्युबाट थप सशंकित हुनुपर्ने देखिन्छ । केही दिन यता संक्रमणदर बढेर गएको छ । मंगलबार ७८ जनामा एकैदिन संक्रमण भएको थियो । सोमबार सय जनामा संक्रमण देखिएको थियो । यसले फेरि संक्रमणबारे आवश्यक सतर्कता अपनाउन आवश्यक रहेको विज्ञहरूले बताएका छन् । हुनत हामीले संक्रमणका कारण सिर्जित असाध्यै कठिन परिस्थिति खेपेर आएका छौं ।

संक्रमणबाट १२ हजार बढीले ज्यान गुमाएका थिए । संक्रमित संख्या मात्रै दश लाख नाघेको छ । संक्रमण रोकथाम गर्न देशब्यापी लकडाउन र निषेधाज्ञा गर्नु परेको थियो । सन् २०१९ बाट शुरू भएर विश्वभर फैलिएको संक्रमणले मनोवैज्ञानिक त्राससँगै अर्थतन्त्र नराम्रोसँग थलिएको थियो । त्यही असरका कारण प्रभावित अर्थतन्त्र अझै सामान्य अवस्थामा फर्कन सकेको छैन । मास संक्रमणका कारण हुने समस्या धान्न सक्ने स्वास्थ्य संस्थाहरू बनिरसकेका छैनन् । युक्रेन–रूस युद्धले विश्व अर्थतन्त्रमा परेको असरले त्यसैपनि नेपाली अर्थतन्त्र असहज परिस्थितिमा गुज्रिरहेको छ । यस्तो बेला कोरोनाको संभावित खतराबाट नागरिकको जीवन रक्षा र अर्थतन्त्र जोगाउन सजिलो छैन ।

अतः संभावित प्रकोपबाट जोगिन आवश्यक सतर्कता अपनाउन जरूरी छ । कसरी जोगिने भन्नेबारे हाम्रो अनुभव लामै भइसकेको छ । तर थालनि नेतृत्वबाट हुनुपर्छ । किनकि सन्देश प्रवाह तलबाट माथि भन्दा पनि माथिबाट तल प्रभावकारी हुन्छ । अहिले जसरी राजनीतिक नेतृत्वले मनमौजी कार्यक्रम चलाइरहेका छन्, त्यसमा आवश्यक सतर्कता अपनाउन आवश्यक छ । सामाजिक दुरी कायम गर्नु संक्रमण फैलन नदिने प्रभावकारी विकल्प हो । यो विकल्प आमनागरिकले अपनाउने हो । यसतर्फ नागरिक सचेत हुनुपर्छ । अझ दीर्घरोगी घरपरिवारमा छन् भने विशेष सतर्कता चाहिन्छ । अहिले संक्रमण देखिएकाहरू धेरै दीर्घरोगी भएको स्वास्थ्य रिपोर्ट छ । त्यसैले सबै क्षेत्रबाट आवश्यक सचेतता अपनाउँदा संभावित खतराबाट जोगिन सकिन्छ । यसतर्फ सबैको ध्यान जान आवश्यक छ ।

# आर्थिक संकट र मुलुकको भविष्य

*आज संसद वा सरकारमा आर्थिक संकटले सिर्जना गरेका समस्याबारे कुनै चिन्ता वा चासो देखिएको छैन । राजनीतिक नेतृत्व भागवण्डामा मात्रै अल्झिएको छ । राजनीतिक नेतृत्वलाई आर्थिक संकटबारे चर्चा गर्ने फुर्सदसमेत देखिन्न ।*

अग्रलेख



● विष्णु पन्त

मुलुक आर्थिक संकटको चक्रमा परेको छ । राज्यका अधिकांश क्षेत्रहरुमा त्यसको प्रभाव देखिन्छ । जसले सबै क्षेत्रतिर निराशा मात्रै सिर्जना गराएको छ । आगामी समय के होला अनिश्चयको अवस्था बनेको छ । आज व्यवसायीक क्षेत्रमा आर्थिक असफलताको कारण आत्महत्या, पलायन तथा भागडौड जस्ता घटनाहरु श्रृंखलाबद्ध रुपमा देखिएका छन् । आम व्यापारी वा व्यवसायीहरुको मुख्य समस्या भनेकै बैंकको ऋण, महँगो ब्याजदर, कालो सूची र कर्जा असुली वा घरजग्गाको लिलाम बिक्री बनेका छन् । यो आम विकराल र भयावह समस्या वा राष्ट्रिय संकटको विषय बन्दै गएको छ । बिडम्बनाको विषय, यो संकटको विषयमा राज्यभित्र कुनै बहस छैन ।

आज संसद वा सरकारमा यो समस्याबारे कुनै चिन्ता वा चासो देखिएको छैन । राजनीतिक नेतृत्व भागवण्डामा मात्रै अल्झिएको छ । राजनीतिक नेतृत्वलाई आर्थिक संकटबारे चर्चा गर्ने फुर्सदसमेत देखिन्न । राजनीतिक, आर्थिक, सामाजिकदेखि विविध विषयमा चर्चा तथा बहस गर्ने थलो संसद हो । तर, संसद सरकार बनाउने र ढाल्ने काममा मात्रै प्रयोग भएको छ । सरकार बनाउने र ढाल्ने खेलमा रमाउने हाम्रो संसदको नियत बनेको छ । आज संसदमा व्यवसायीक क्षेत्रले उठाएका सबाल, नागरिक समाजले उठाएका सबाल, आम नागरिकले भोगेका समस्याबारे कुनै चिन्ता र बहस हुँदैन । जनताको मतबाट संसद चुनिन्छन् र जनताकै करबाट तलबभत्ता र सुविधा खान्छन् तर, देश र जनताको रोदन वा चित्कारमा उनीहरु जानाजान मौन रहन्छन् ।

सरकारको भूमिका प्रत्येक जनताको चिन्ता, चासो र समस्यालाई दुर गर्ने हो । एउटा नागरिक व्यवसायीक रुपमा असफल हुन्छ वा कालो सूचीमा पर्छ भने त्यसको उद्धार सरकारले गर्नुपर्छ । किनकी उसले जीवनभर सरकारको निम्ति कर तिरिरहेको हुन्छ । उसले सरकारको नियमलाई पालना गरिरहेको हुन्छ । यस्तोमा सरकारले अभिभावको रुपमा उसलाई सहयोग गर्नुको विकल्प छैन । सरकार अभिभावक हो । सामान्य लोककल्याणकारी राज्यको अवधारणाअनुसार सरकारले अभिभावकको भूमिका कुनै हिचकिचावट बिना पुरा गर्नुपर्छ । तर, आज त्यस्तो देखिएको छैन । जनता कालोसूचीमा पर्दा सरकारले कुनै चिन्ता व्यक्त गरेको देखिन्न ।

चुलिँदो आर्थिक संकटका बीच सरकार र राष्ट्र बैंकबीच पनि समन्वय भइरहेको छैन । जसले एकातिर कुन स्तरको समस्या हो र कसरी समाधान गर्ने भन्ने पहिचान हुन पाएको छैन भने अर्कोतिर दुईबीचको किचलोकै कारण आम व्यवसायीक क्षेत्रमा थप समस्या भित्रिएको छ । हालै केन्द्रीय बैंकले एक तथ्यांक सार्वजनिक गर्दै राज्यको ढुकुटी सकिँदै गएको र कर्मचारीलाई तलब खुवाउन पनि ऋण लिनुपर्ने अवस्था भएको बताएको छ । यदि समस्या गहिरो हो भने सरकारले थप कदम चाल्नुपर्ने देखिन्छ । कर्मचारीलाई निश्चित समय तोकेर तलब नदिने, केन्द्रदेखि वडासम्मका जनप्रतिनिधिले बिना शुल्क काम गर्ने, अन्य भत्ता, सुविधा कटौती नीति राज्यले लिनुपर्छ ।

साथै, राज्य र सरकारले आम नागरिकलाई फजुल खर्च गर्न कटौती गर्ने र नियन्त्रण गर्न आह्वान गर्नुपर्छ । यदि यो समस्या बढ्दै गयो वा नियन्त्रण गर्न सकिएन भने देशमा ठूलो आर्थिक अराजकता उत्पन्न हुनसक्ने खतरा छ । यदि सरकारले उद्धार तथा नियन्त्रण सम्बन्धी प्रभावकारी कदम चाल्न सकेन भने राज्य पूर्ण असफल हुने सम्भावना छ । त्यस्तो अवस्थामा आम व्यापारी वा व्यवसायीहरु कालो सूचीमा पर्ने र सम्पत्ति लिलामीको शिकार हुनेछन् । ऋण नतिर्ने आन्दोलन व्यापक र जायज बन्नेछ । पैसाको मूल्य शून्य वा कम हुनेछ वा पैसा कागजको खोस्टोमा परिणत हुनेछ । सर्वत्र लुटपाट हुनेछ । अमेरिका र युरोपमा समेत सार्वजनिक खर्च कटौतीसम्बन्धी ठूलाठूला घोषणा भइसकेका परिप्रेक्षमा हाम्रोमा त कुनै पूर्वसावधानी, तयारी र छलफलसमेत नहुनु दुर्भाग्यपूर्ण छ ।




> *मुलुक आर्थिक संकटको चक्रमा परेको छ । राज्यका अधिकांश क्षेत्रहरूमा त्यसको प्रभाव देखिन्छ । जसले सबै क्षेत्रतिर निराशा मात्रै सिर्जना गराएको छ । आगामी समय के होला अनिश्चयको अवस्था बनेको छ । यदि यो अवस्थालाई हल नगरेमा मुलुक ठूलो खाडलमा पर्न सक्छ ।*

### व्यवस्था परिवर्तनसँगै थप अराजकता

गणतन्त्रको स्थापनापछि जनताले दलहरु र नेताहरुबाट ठूलो अपेक्षा राखेका थिए । तर, परिवर्तनप्रतिको उत्साह पछि गएर निराशा र वितृष्णामा परिणत भयो । गणतन्त्रको स्थापनापछि सबैभन्दा बढी बेरोजगारीको समस्याले युवाहरुलाई प्रताडित बनायो । आज युवाहरुको ठूलो समूह आधारभूत आवश्यकता परिपुर्तिकै नाममा खाडी भासिएका छन् । केही पैसा भएका र बौद्धिक मानिएका युवाहरु युरोप र अमेरिका भासिएका छन् । आजको आम युवा मनोविज्ञानभित्र एउटा हुटहुटी छ, त्यो हो विदेश पलायन । बिडम्बनाको कुरा, एसईई र प्लस टु पढ्ने प्रत्येक युवा कन्सल्टेन्सी र पासपोर्ट बनाउने लाइनमा छन् । कोही पनि युवा नेपालमै स्नातक पढ्न चाहँदैनन् । युवाहरु पढाइ नै छाडेर आइएलटिएसको परीक्षामा लामबद्ध छन् ।

उद्योगपति, व्यापारी, अस्पताल संचालक सबैको हालत यस्तै छ । मालदार जागिर वा पेशा भनेकै लोकसेवा वा सरकारी जागिर बनेको छ, किनकी त्यहाँ भ्रष्टाचार गर्न पाइन्छ । शिक्षकहरु सरकारी सेवाभित्रका पीडित वा उत्पीडित वर्ग बनेका छन् । जहाँ तलब सुविधामा अन्य बराबर छैन भने भ्रष्टाचारको अवसर शून्य छ । त्यसकारण आजको युवाको दिमागभित्र दुईटा विकल्प छन्- सरकारी जागिर वा विदेश पलायन । पहिलो विकल्प वा सरकारी जागिरको क्षेत्र सीमित छ र त्यसले थोरै युवालाई मात्र आकर्षित गरेको छ । दोस्रो विकल्प वा विदेश पलायनको विकल्प आम विकल्प बनेको छ ।

आजको शिक्षित युवा सुरुमा अध्ययन भिषामा विदेश पलायन हुन्छ तर, उ कहिले देश नफर्किने गरी । भिषा लाग्यो भन्नुको अर्थ उ अब उतैको वा विदेशी नागरिक बन्यो भन्नु हो । उ आफू त गयो गयो उसँगै परिवारका अन्य सदस्यलाई पनि लैजादैछ । युवाहरुको स्थायी पलायन आजको मुल प्रवृत्ति बनेको छ । हामीले राम्रो देशको भिषा लागेकोमा सगर्व बधाई दिँदैछौं । हामीले देखेका छौं, हाम्रा गाउँहरु युवाविहीन र पुरुषविहीन बनेका छन् । आजसम्म त गाउँघरलाई बुढाबुढी वा पुरानो पुस्ताले थामिदिएका छन् र त्यो पुरानो पुस्ताको आयु त धेरै छैन । बिस्तारै गाउँघरहरु खाली हुँदैछन् । यो रोग सहरमा पनि व्यापक बनेको छ । यो लहरमा परिवर्तन हुने वा रोकिने त तत्कालै कुनै सम्भावना देखिँदैन । यो समस्या क्षणिक, अल्पकालीन वा अस्थायी भए त खासै चिन्ताको विषय थिएन । तर, यो समस्या दीर्घकालीन स्थायी वा अनन्तकालीन जस्तो हुँदैछ ।

आजको चिन्ताको विषय यहि छ कि हाम्रो जनसंख्या त विदेश पलायनबाटै सकिने भयो । हाम्रो देशको भविष्यका लागि गम्भीर र संवेदनशील चुनौति हो । कल्पना गरौं एक वर्षपछि कति युवा विदेश जालान् ?

आज नेता र कर्मचारीका प्रत्येक घरमा पिआर वा विदेशी नागरिकताका आधार छन् । के राजनीतिक नेताहरुले यो विषयमा बहस गरेका छन् ? राजनीतिको अभिष्ट के हो ? खाली शास्त्रीय बहस र अनावश्यक विवाद मात्र गरेर बस्ने कि देशलाई स्वाधिन बनाउने योजना र दृष्टिकोण ल्याउने ? यो परिदृश्यले त परिवर्तन गऱ्यौं भन्नेहरुलाई गिज्याउदैन र ? जबसम्म हाम्रा युवाहरुलाई अनि भावी पुस्तालाई देशमै बस्न योग्य वातावरण बनाउँदैनौ नी तबसम्म हामीले परिवर्तनका कुरा गर्न अभिशाप हुन्छ ।

हामीले यथास्थितिवादी सोच, योजना र दृष्टिकोणलाई बदल्न अपरिहार्य छ । देशको आँखाबाट हेर्ने हो भने हामी विनाशको बाटोलाई पछ्याइरहेका छौं । एउटा भनाइ काफी सान्दर्भिक छ 'बिनाशकाले विपरित वुद्धि' । हामीले देशलाई लुटेर आफू मात्र सुरक्षित बन्ने हो भने त केही भन्नुछैन, यो वा त्यो बहानामा देश कंगाल भएको टुलुटुलु हेरिरहने हो भने त झन् के कुरा ? हाम्रो कथित विचार, दर्शन वा विज्ञानले केवल देशलाई नागरिकविहीन बनाउने हो भने त के कुरा गर्नु ? यति त सही हो कि तमाम सम्भावना हुँदाहुँदै हामीले देशलाई कंगाल बनायौं । हामीले हाम्रा छोराछोरीलाई देशभित्रै बस्न सक्ने, आयआर्जन र रोजगार प्राप्त गर्न सक्ने बनाउन सकेनौं ।

राज्यको काम हाम्रा युवाहरुलाई देशभित्रै सम्भावना देखाइदिनु पऱ्यो । आफू बाँच्नका लागि अनि सरकार बचाउनका लागि युवाहरुलाई विदेश पठाउने हाम्रो दृष्टिकोणले अब थेग्न सक्दैन । त्यसकारण देशको भविष्यको लागि सबै मिलेर राष्ट्रिय बहस गरौं । विदेश गएका युवाहरुलाई नेपालमा फर्किने वातावरण बनाउने गरी हामीले राष्ट्रिय नीति निर्माण गरौं । हामीले एकपटक देशको भविष्यको लागि लि क्वान, सि जिन पिङ वा भ्लाद्मीर पुटीनहरु जन्माउन पर्ने बाध्यता छ । यदि हामीले समयमा नै त्यसतर्फ ध्यान दिएनौ भने हामी ठूलो खाडलमा पर्न सक्छौं । हाम्रो मुलुककै भविष्य यही अराजकताले सिध्याउन सक्छ । यो समय चिन्ता, बहस गर्दै मुलुक बनाउन लाग्ने बेला हो । व्यर्थको राजनीतिक दाउपेचलाई मात्रै केन्द्रीत बनाइयो भने यसले हामीलाई समाधान दिँदैन ।

## सामाजिक सञ्जाल



**- भानुप्रसाद आचार्य**

तीन दशक अगाडिको राजनीतिक आर्थिक सुधारमा अस्थिरताले गाँजी निरन्तरता नपाउँदा उत्पादन, रोजगारी तथा आर्थिक बृद्धिमा अवरोध आयो ! अब नीतिमा परिमार्जन गरी मुख्यतः प्रविधि, शिक्षा, स्वास्थ्य, जलवायु, उर्जा क्षेत्रमा थप लगानी, संस्थागत सुधार, कर प्रणाली र नियमनमा थप सुधार आवश्यक देखियो ।



**- डम्मर खतिवडा**

प्रधानमन्त्रीको आर्थिक संकट हल, अर्थतन्त्र सुधार गर्ने उपाय- जग्गाको कित्ताकाट खुल्ला गर्ने रैछ । यो घिटिक घिटिक गरेको अर्थतन्त्रको मुखमा दुई थोपा पानी जस्तो होला तर, न कुनै गंगाजल हो न औषधि । प्रमका आर्थिक सल्लाहकार यात जग्गा कारोबारी हुनुपर्छ यात झारफुक विद्याका धामीझाँक्री ।



**- मुमाराम खनाल**

राजनीतिमा चिनिएकाहरू सबै बेठिक तर, नचिनिएकाहरू सबै ठिक भन्ने निराश, विरक्ति र एकांकी सोचले कतै पुऱ्याउँदैन । नचिनिएकाहरू पनि चिनिन्छन् र चिनिएपछि झन् निरास हुनु स्वाभाविक हुन्छ । त्यसैले राजनीतिमा उसको विचार, आचार र इतिहास महत्वपूर्ण मानिन्छ ।



**- चन्द्र श्रेष्ठ**

नहुनु थियो भयो तर, भइरहने क्रम जारी रहँदा पनि विकृतिलाई निमिट्यान्न गर्न सकिन्न भन्ने ज्वलन्त उदाहरण आशा गरिएको शक्तिमा पनि देखिनु राम्रो पक्ष त हुँदै होइन । तैपनि कानुनी दायरामा उभ्याउन खोज्नु स्वभानीय देखियो । र, पनि खाइएको बाचा भनु या कसम चाहिँ कतै पनि मेल खाने देखिएन ।

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | पदोन्नतीको योग छ । आमाको सहयोग प्राप्त हुनेछ । |
| वृष | : | खर्च बृद्धि हुनेछ । धार्मिक यात्रा हुने योग छ । |
| मिथुन | : | परिश्रमबाट सफलता मिल्नेछ । मनमा अशान्ति छाउनेछ । |
| कर्कट | : | स्वास्थ्य सामान्य रहनेछ । मनमा नकारात्मक विचार आउनसक्छ । |
| सिंह | : | आत्मविश्वास बढ्नेछ । कार्यहरुमा अनुकूल प्रगति हुने योग छ । |
| कन्या | : | सन्तानको सुखमा वृद्धि हुनेछ । धैर्यता बढ्नेछ । |
| तुला | : | बुबा-आमाको स्वास्थ्यमाथि ध्यान दिनुपर्छ । स्थानान्तरण हुने योग छ । |
| वृश्चिक | : | नाता गोताको सहयोग प्राप्त हुनेछ । वाणी संयम् जरुरी छ । |
| धनु | : | पारिवारिक सदस्यहरुमा वृद्धि हुनेछ । लाभको अवसर प्राप्त हुनेछ । |
| मकर | : | मनमा शान्ति र प्रसन्नता बढ्ने समय छ । |
| कुम्भ | : | नौलो बाहन खरीद हुने योग छ । पठन-पाठनमा रुची बढ्नेछ । |
| मीन | : | आयमा कमी आउनेछ । नयाँ सम्बन्ध बढ्ने योग छ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# मौसम परिवर्तनको बढ्दो असर

विचार



● कुमार रहमान

> विद्हरु सहर विस्तारलाई रोकेर गाउँको विकास गर्नुपर्ने सुझाउँछन् । जंगल र नदीनालालाई संरक्षण गरेर विकासलाई अगाडि बढाउनुपर्ने बताउँछन् । प्रदूषण गराउने उद्योगधन्दादेखि सवारीसाधनसम्मको विकल्प छिट्टै खोज्नुपर्ने सुझाव विद्हरुको छ । यदि त्यसो गर्न सकिएन भने समस्या छिट्टै भयावह खालको पनि आउनसक्छ ।

एउटा धेरै प्रचलित भनाइ छ, 'मान्छेको मूड मौसम जस्तै परिवर्तन हुन्छ' अर्थात् मौसमको स्थायी मूड हुँदैन । यो कुनै पनि समयमा परिवर्तन हुन्छ । आजकल पनि यस्तै केही भैरहेको छ । ऋतुराज वसन्तको बिदाईसँगै गर्मीको सुरुवात भएको छ । हावामा चिसोपन सकिँदै गएको छ ।

शरद ऋतु र बसन्त ऋतु आउँदा सबै मानिसहरु खुसी हुन्छन् । उनीहरुलाई यी मौसम यस्तै रहिरहे हुन्थ्यो भन्ने लाग्छ । तर, यो सम्भव छैन । यदि मौसम परिवर्तन भएन भने, पृथ्वीको सम्पूर्ण पारिस्थितिक प्रणाली नै बिग्रन्छ । रुख, विरुवाहरु मर्न थाल्नेछन् । हावामा अक्सिजनको प्रतिशत गडबड हुनेछ, यसको मतलब सबै चीज नष्ट हुनेछ ।

कोरोनाको अवधिमा लामो समयदेखि लकडाउन हुँदा प्रदूषणमा धेरै हदसम्म राहत मिल्यो । न गाडी चलिरहेका थिए, न कलकारखानाबाट धुवाँ निस्किरहेको थियो, न त त्यसरी अन्धाधुन्ध रुख काट्ने चलन थियो । फलस्वरूप वायु प्रदूषणका साथै ध्वनी, पानी र माटो प्रदुषण पनि धेरै हदसम्म नियन्त्रणमा आयो ।

लकडाउनको प्रभाव मौसम र त्यसपछि जीवनशैलीमा पनि देखिन थालेको थियो । वातावरण पुरै सफा भइसकेको थियो भने सडकमा मयूर नाच्ने अवस्था बन्यो । भँगेराहरू धुलोमा लडिरहेको देखिन्थे । सबैलाई ५० वर्ष पछाडि गएजस्तो लाग्थ्यो ।

यसको प्रभाव मौसममा पनि देखिएको छ । २०२०को लकडाउनमा, मे महिनामा पनि तीव्र गर्मी थिएन । मौसम एकदमै चिसो थियो । प्रदुषण नहुँदा मौसम निकै आनन्ददायक भएको धेरैको भनाई छ । २०२२-२३ मा जाडो पनि धेरै छोटो थियो । न पहिलेको जस्तो कुहिरो देखियो न शीतलहरको अनुभूति भयो ।

तर, अहिले मौसम पुरै परिवर्तन भएको छ । मौसमसँग सम्बन्धित तथ्यहरुले भनेका छन् गर्मीले कीर्तिमान तोडेको छ । भारतीय मौसम विभागका अनुसार गएको चिसो समयमा पनि तापकम किर्तिमानी खालको थियो । सबैको बीचमा महत्वपूर्ण प्रश्न यो छ कि मौसमको यो बदलिएको अवस्था कतै खतराको घण्टी त होइन ?

तथापी मौसम परिवर्तन एकदमै सुस्त गतिमा भइरहेको छ । मौसमको यो परिवर्तन यति ढिलो छ कि हामीले ख्याल पनि गर्न सक्दैनौं । तर, विगत ३०-३५ वर्षको तथ्यांक हेर्दा मौसम कसरी बदलिँदैछ भन्ने बुझिन्छ ।

सुरुमा भनिएझैं दुई-तीन वर्षमा भएको मौसममा आएको यो परिवर्तन अहिले प्रष्ट देखिन थालेको छ । अब चीजहरू स्पष्ट देखिन थालेका छन् र हामीले यसलाई हेर्न थालेका छौं । अहिले वर्षाको मौसम थप सरेको छ, अब वर्षा जुनमा हुनेछ । बिस्तारै मनसुन जुलाईतर्फ सर्दैछ । त्यसैगरी, जाडो पहिले चाँडै आउँथ्यो । अब अक्टुबरको अन्तिम समय मात्रै देखिनेछ । नोभेम्बरबाट चिसो बढ्नेछ ।

मौसम परिवर्तनले बालीमा पनि असर गरिरहेको छ । कुनै पनि वृद्ध किसानलाई सोधेमा ७० वर्षअघि गहुँको बाली नोभेम्बरबाट छरिएको बताउँछन् । अहिले डिसेम्बरबाट गहुँ छर्न थालिएको छ । त्यसैगरी अहिले गर्मी मौसम पनि ढिलो सुरु भएको छ ।

यो मौसम परिवर्तनले आगामी दिनमा गम्भीर खतरा निम्त्याउन सक्ने चिन्ता विद्हरुको छ । जलवायु परिवर्तनले विशेषगरी बाली उत्पादनमा सिधा असर गर्ने विद्हरुको भनाई छ । मौसम परिवर्तनको कारण एकातिर वर्षाको समस्या हुनेछ भने अर्कोतिर नयाँ प्रकारका फ्लू र अन्य रोगहरू आउनेछन् । विद्हरु सहर विस्तारलाई रोकेर गाउँको विकास गर्नुपर्ने सुझाउँछन् । जंगल र नदीनालालाई संरक्षण गरेर विकासलाई अगाडि बढाउनुपर्ने बताउँछन् । प्रदुषण गराउने उद्योगधन्दादेखि सवारीसाधनसम्मको विकल्प छिट्टै खोज्नुपर्ने सुझाब विद्हरुको छ । यदि त्यसो गर्न सकिएन भने समस्या छिट्टै भयावह खालको पनि आउनसक्छ ।

*अमर उज्यालाबाट*

# डोम समुदायमा शिक्षा, सरसफाइ र रोजगारीबारे जनचेतनामूलक कार्यक्रम



**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, २८ चैत

